## संवत् २०८० साल असोज ०४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

### बैठकका प्रशतावहरू:

१. सार्वजनिक सुनुवाईको कार्यविधि, २०८० पारित गर्ने सम्बन्धमा।

२. सिभिल इन्जिनियरको पाठ्यक्रम पारित गर्ने सम्बन्धमा।

३. समसामयीक विषयका सम्बन्धमा।

### निर्णयहरु:

१. **सार्वजनिक सुनुवाईको कार्यविधि, २०८० पारित गर्ने सम्बन्धमा:** यस लुङ्ग्री गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८० पारित गर्ने।

२. **सिभिल इन्जिनियरको पाठ्यक्रम पारित गर्ने सम्बन्धमा:** करारमा सिभिल इन्जिनियर पदपुर्ति गर्ने प्रायोजनको लागि सिभिल इन्जिनियरको पाठ्यक्रम पारित गरी सोही अनुसार लिखित परीक्षाको प्रश्नपत्र तयार गर्ने।

३. **समसामयीक विषयका सम्बन्धमा:**

(क) सशस्त्र प्रहरीको स्मारिका निर्माणका लागि रु ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) रकम बराबरको निर्माण सामग्री खरिदको बिल भुक्तानी गरी सहयोग गर्ने।

(ख) गत आ.ब. ०७९/८० को भुक्तानी बाँकी रहेको झो.पु. मर्मत सम्भारकर्ता वा हेरालुलाई प्रति महिना रु ५०० का दरले वार्षिक रु ६,०००/- पारिश्रमिक कायम भए अनुसार चालु आ.ब. मा भुक्तानी दिने।

(ग) लुङ्ग्री गाउँपालिका अन्तर्गत पर्ने लुङ्ग्री खोला र बोज्याङ खोलाको गिट्टी बालुवा र सार्वजनिक स्थानहरुमा रहेका ढुङ्गाखानीको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination - IEE) गर्ने।

(घ) लुङ्ग्री गाउँपालिकाको चालु आर्थिक बर्षको बार्षिक बजेटमा रहेको भैपरी आउने चालु खर्च शिर्षकबाट रु ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) को मौसमी तरकारीको बिउ खरिद गरी वितरणको लागि रकमान्तर गर्ने।

(ङ) नमुना नागरिक वडापत्रलाई गाउँकार्यपालिकाको कार्यालयको उपलब्ध जनशक्ति र आर्थिक ऐन अनुसार संशोधन गरी भौतिक रुपमा कार्यालयमा टाँस गर्ने र वेभसाइटमा राख्ने।

(च) लुङ्ग्री गाउँपालिकाको गाउँ यूवा परिषद सञ्चालन कार्यविधि, २०८० पारित गर्ने।

निर्णय प्रमाणित गरिएको छ।

वीर बहादुर परियार
लुङ्ग्री गाउकार्यपालिकाको बैठक
(प्रमुख प्रशासकीय अधिकृत)

मिति २०८०/०६/०४

भरत कुमार थापा
गा.पा अध्यक्ष
बैठक संख्या: ३